## आ.व.२०८२।८३ को नवौँ कार्यपालिका बैठक

आज मिति २०८२।१०।११ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

| क्र.सं. | नाम थर | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रकाश विष्ट | [signature] |
| २ | उपाध्यक्ष | श्री कमलापति चौधरी | [signature] |
| ३ | सदस्य ( वडा नं. १ अध्यक्ष ) | श्री गेमे खड्का | |
| ४ | सदस्य ( वडा नं. २ अध्यक्ष ) | श्री पहलवान चौधरी | [signature] |
| ५ | सदस्य ( वडा नं. ३ अध्यक्ष ) | श्री उमेश अधिकारी | [signature] |
| ६ | सदस्य ( वडा नं. ४ अध्यक्ष ) | श्री विर वहादुर चौधरी | [signature] |
| ७ | सदस्य ( वडा नं. ५ अध्यक्ष ) | श्री देव प्रसाद चौधरी | [signature] |
| ८ | सदस्य ( वडा नं. ६ अध्यक्ष ) | श्री दीपक कुमार चौधरी | [signature] |
| ९ | सदस्य ( वडा नं. ७ अध्यक्ष ) | श्री सिताराम चौधरी | [signature] |
| १० | सदस्य ( वडा नं. ८ अध्यक्ष ) | श्री चन्द्र बहादुर गुरुङ | |
| ११ | सदस्य ( वडा नं. ९ अध्यक्ष ) | श्री रिम वहादुर सुनारी मगर | |
| १२ | सदस्य | श्री पार्वती सुवेदी | पार्वती |
| १३ | सदस्य | श्री चम्फा भुसाल | चम्फा |
| १४ | सदस्य | श्री रण बहादुर पुजाली सार्की | [signature] |
| १५ | सदस्य | श्री गिता चौधरी | |
| १६ | सदस्य | श्री सावित्री चौधरी | [signature] |
| १७ | सदस्य | श्री संजिव परियार | |
| १८ | सदस्य सचिव | श्री देविराम पाठक | [signature] |
| आमन्त्रित | | | |
| १९ | श्री लेखा भण्डारी | व. लेखा अधिकृत | [signature] |
| २० | श्री विकास खवाली | प्रशासकीय अधिकृत | [signature] |
| २१ | श्री रेशमराज अधिकारी | व. लेखा सहायक | [signature] |
| २२ | श्री अशोक बेल्वासे | इन्जिनियर | [signature] |
| २३ | श्री [illegible] | सहायक स्तर | [signature] |

श्री ऋषिलाल दुवेदी कां.स. — [signature]

आ.व. २०८२।८३
बैठक नं. ९
मिति २०८२।१०।११

**मिति २०८२।१०।११ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु।**

| **क्र. सं.** | **प्रस्तावको संक्षिप्त व्यहोरा** | **निर्णय हुनुपर्ने विषय** | **कैफियत** |
|---|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा। | अघिल्लो कार्यपालिका बैठकको समिक्षा गर्ने। | |
| २ | नदीजन्य पदार्थ उत्खनन, संकलन सम्बन्धमा। | नदीजन्य पदार्थ उत्खननको पकृया अगाडी बढाउने। | |
| ३ | माघी विशेष कार्यक्रम सम्बन्धमा। | माघी विशेष कार्यक्रमलाई सहायता प्रदान गर्ने। | |
| ४ | आर्थिक सहयोग सम्बन्धमा । | लायन्स क्लव अफ राप्ती क्यापिटललाई आर्थिक सहयोग गर्ने। | |
| ५ | शैक्षिक सहायता सम्बन्धमा | शैक्षिक सहायता उपलब्ध गराउने । | |

आ.व. २०८२।८३
बैठक नं. ९
मिति २०८२।१०।११

**मिति २०८२।१०।११ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु।**

**निर्णय नं.१** – यस अघिका कार्यपालिका बैठकको निर्णय सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं.२** – राप्ती नदीबाट नदिजन्य पदार्थको निकासीका लागि ठेक्का व्यवस्थापन भईनसकेको अवस्थामा राप्ती गाउँपालिका भित्र निर्माणाधिन योजना तथा व्यक्तिगत प्रयोजनका लागि ढुङ्गा गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको आपुर्ति हुन असकेकोले विकास निर्माण प्रभावित भएको र स्थानीय बासी बाट समेत अध्याधिक माग भई आएको हुँदा सो ठेक्का व्यवस्थापन नभएसम्मको लागि राप्ती गाउँपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदन २०८१, तथा सो को प्राविधिक प्रतिवेदन, २०८२ र राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिबाट स्वीकृत मध्ये राप्ती नदीको कटाहघाट “ख” वगर क्षेत्र, राप्ती नदीको खुरुरिया बगर क्षेत्र, राप्ती नदीको वगरापुर घाट वगर क्षेत्र घाटहरुबाट प्रति घाट २००० घनमिटर ( उत्खनन् सहमति परिमाणमा ) गाउँपालिकाले आफै घाटगद्धि गर्ने तथा सो बाहेक बाँकी परिमाण र राप्ती नदीको कटाहघाट “क” वगर क्षेत्रको स्विकृत परिमाणको उत्खनन् तथा निकासीका लागि राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिको च.नं.४६७ मिति २०८२।१०।०८ को अनुमति पत्रमा तोकिएको शर्तहरु लागु हुने गरी विद्युतिय खरिद प्रणाली मार्फत ठेक्का व्यवस्थापन प्रकृया अगाडि बढाउने।

| स्थान (घाट) | उत्खनन् सहमति परिमाण (घ मि) | पालिकाले घाटगद्धि गर्ने परिमाण (घ मि) | EGP मार्फत ठेक्का व्यवस्थापन गर्ने परिमाण (घ मि) |
|---|---|---|---|
| राप्ती नदीको कटाहघाट “क” वगर क्षेत्र | ४३००० | - | ४३००० |
| राप्ती नदीको कटाहघाट “ख” वगर क्षेत्र | ४३००० | २००० | ४१००० |
| राप्ती नदीको खुरुरिया वगर क्षेत्र | ३२३७४ | २००० | ३०३७४ |
| राप्ती नदीको वगरापुरघाट वगर क्षेत्र | १४६३० | २००० | १२६३० |

आ.व. २०८२।८३
बैठक नं. ९
मिति २०८२।१०।११

**निर्णय नं. ३-** नेपाल मगर संघ, राप्ती गाउँपालिका कार्यसमितिद्धारा आयोजित माघे सक्रान्ती कार्यक्रमका लागि राप्ती गापाको आ.व. २०८२।८३ बार्षिक स्विकृत कार्यक्रम अन्तरगत धार्मिक, साँस्कृतिक सम्पदा संरक्षण दिवस जात्रा, पर्व स्थानीय धर्म संस्कृति खर्च संरक्षण शिर्षकबाट रु १,००,०००/- (अक्षरुपी रु एक लाख मात्र) विल भर्पाईका आधारमा भुक्तानी दिने।

**निर्णय नं.४-** लायन्स क्लव अफ राप्ती क्यापिटल, राप्ती गापा १ दाङलाई विभिन्न संघ संस्थासंग लागत साझेदारीमा संचालन गर्नुपर्ने कार्यक्रम खर्च शिर्षकबाट प्राप्त प्रस्तावना विल भर्पाईका आधारमा रु ५०,०००।–(अक्षरुपी रु पचास हजार मात्र) भुक्तानी दिने ।

**निर्णय नं.५-** त्रिभुवन विश्वविद्यालय, भौतिक शास्त्र केन्द्रिय विभाग, किर्तिपुर, काठमाडौको च.नं. २०३ मिति २०८२।०९।२४ को पत्रानुसार शैक्षिक बर्ष २०८० स्नातकोत्तर तह दोस्रो बर्ष चौथो सेमेस्टर (रोल नं. ३ ) मा अध्ययनरत जेहेन्दार विद्यार्थी श्री अनिल बेल्वासे (राप्ती गापा ५ स्थायी निवासी) लाई Effect of Plasma Activated Water in Potato Plant शिर्षकमा शोधकार्य तथा उच्च शिक्षा अध्ययनका लागि राप्ती गापाको आ.व. २०८२।८३ बार्षिक स्विकृत कार्यक्रम अन्तरगत उच्च शिक्षा अध्ययनरत गरिव, जेहेन्दार छात्राहरुको लागि शैक्षिक शुल्कमा छात्रवृति कार्यक्रम शिर्षकबाट रु १५०००/-(अक्षरुपी रु पन्ध्र हजार मात्र) उपलब्ध गराउने।